# सांस्कृतिक परिप्रेक्ष्यमा हलेसी महादेव

–ओम प्रसाद सुवेदी

**१. भूमिका:**

नेपाल प्राचीनकालदेखि नै देवभूमि तथा तपोभूमिको रूपमा चिनिँदै आएको छ । आफ्नै मौलिक कला, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाहरूको कारणले गर्दा आज नेपालले विश्वमा आफ्नो चिनारी कायम गरेको छ। विभिन्न वर्ग तथा समुदायका आ-आफ्नै धार्मिक तथा सांस्कृतिक परिवेशलाई अभिव्यक्त गर्ने थुप्रै धार्मिक तथा सांस्कृतिक स्थलहरू यहाँ खचाखच छन् । भौगोलिक, सांस्कृतिक, धार्मिक सम्पदाहरूको विविधताहरूले भरिएको सुन्दर राष्ट्र भएको हुनाले विभिन्न स्थलहरूको आ-आफ्नै सांस्कृतिक विशेषता रहेको छ । देशका विभिन्न भागमा रहेका प्राकृतिक देवालय, शिवालय, मठ-मन्दिर, गुम्बा तथा ऐतिहासिक स्थलहरूमा परापूर्वकालदेखि नै नेपालीहरूले आध्यात्मिक शक्तिमा विश्वास गरी सांस्कृतिक भावना प्रकट गर्दै आएका छन्। प्राकृतिक गुफा तथा मन्दिरहरूलाई प्रमुख सांस्कृतिक स्रोत मानिने भएको हुनाले खोटाङ्ग जिल्ला स्थित "हलेसी महादेव"को गुफा तर्फ यस लेखलाई केन्द्रीत गरिएको छ ।

**२. हलेसीको भौगोलिक स्थिति:**

भौगोलिक दृष्टिले हेर्दा हलेसी समथर नभई भिराला पाखा तथा डाँडाकाँडाले भरिएको छ । खोलानाला तथा वन जङ्गलको कमी, यातायातको असुबिधा र ढुङ्गाचाइला डाँडाकाँडाले गर्दा हलेसीको जनजीवन कठोर छ । पहाडी भू-भागको कारणले गर्दा सिंचाइको असुबिधा, राम्रो खेती नहुनुका साथै भिराला जमीन भए तापनि अनकन्टार दुर्गम भू-भाग भने यहाँ छैन । यो गाउँ विकास समिति समुद्रको सतहबाट ३१०० फीटदेखि ४७३६ फीट[१]सम्मको उचाइमा अवस्थित छ ।

जिल्ला सदरमुकाम दिक्तेलबाट ८ कोष पश्चिममा रहेको यो गाउँ विकास समिति चतुर्भुज आकारको देखिन्छ। उत्तरपूर्वको कुनामा अर्खौले गाउँ विकास समिति, दक्षिण-पश्चिमको कोणमा दुर्छिम गाउँ विकास समितिको सिमाना र उत्तर-पश्चिममा दारागुट गाउँ पर्छ । यसै गरी पूर्वमा धितुङको चिउरी डाँडा र अर्खौलेको मल्ल थुम्क, पश्चिममा मगल्टारको सेतुवा, टिखेखोला र भोर्लेनी जङ्गल पर्दछ ।

यसै गरी उत्तरमा सल्ले गाउँ विकास समितिको ढुङ्गेखोला पर्दछ भने दक्षिणको सिमानाको काम वायाकु खोलाले गरेको छ । हलेसी महादेवस्थान गाउँ विकास समिति ८६ ३५' देखि ८६ ४०' पूर्वी देशान्तर र २७ १०' देखि २७ १४' उत्तरी अक्षांशसम्म फैलिएको छ ।[२]

## ३. आख्यान तथा किंवदन्तीहरू:

प्रत्येक धार्मिक तथा सांस्कृतिक तीर्थस्थलहरूको उत्पत्ति र प्राप्तिसंग सम्बन्धित आ-आफ्नै मौलिक गरिमा र कहानीहरू हुन्छन् । हलेसी महादेवको उत्पत्तिको विषयसंग सम्बन्धित आख्यान तथा किंवदन्तीहरू पुराणका कथासंग मिल्दाजुल्दा छन् ।

प्रचलित किंवदन्ती अनुसार पौराणिककालमा 'वृकासुर' नाम गरेको राक्षसले दिव्य १२ हजार वर्षसम्म तपस्या गऱ्यो । यस्तो तपस्याबाट प्रसन्न भएका 'शिवजी'ले "जसको टाउकोमा म हात राख्छु, त्यसको भष्म होस्" भन्ने वृकासुरको माग अनुसारको वर महादेवले "तथास्तु"! भनी दिए । यसरी वर पाएको वृकासुरले महादेवको साथमा रहेकी पार्वतीलाई आफ्नी बनाउन महादेवलाई भष्म गर्न चाहन्थ्यो र महादेवको टाउकोतिर हात अगाडि बढायो । आफूले दिएको आशीर्वादले आफ्नो हत्या हुने हुनाले महादेव भागे, वृकासुर पछि पछि लखेट्दै गयो । सारा ब्रम्हाण्ड खेदी सकेपछि हिमालय पर्वत हुँदै दूधकोशीबाट उकालो चढी सुन्दर हलेसी थुम्कोमा आई पुगे र आफ्नो त्रिशूलको सहायताले एक लामो र ठाडो गुफा बनाए । गुफाको मुखमा वृकासुर आएमा भित्र पस्न रोक्न एक बसाहा, माथि लामो नाग र वरिपरि अरू गणहरू राखी 'वृकासुर आएमा थाहा दिनु' भनी अग्हाई गुफाबाट माथि चढी अर्को सुरक्षित गुफामा विराजमान भए । यही महादेवले लुक्न बनाएको गुफा 'बसाहास्थान' हो । बसाहास्थानको शुरूको पत्थरको बसाहा महादेवले वृकासुरलाई रोक्न राखेको भन्ने किंवदन्ती प्रचलित छ । यसै गरी माथि पट्टिको बाजा र मादल जसको आवाज यथार्थ जस्तै लाग्छ, यस्ता बाजा र मादल गणहरूले वृकासुर आएको खबर दिन बजाएका हुन् भन्ने किंवदन्ती प्रचलित छ । यसै गरी गुफाको अन्तिममा मानिसको जस्तो पाइला महादेवले टेकेको पाइलो भन्ने किंवदन्ती प्रचलित छ ।

वृकासुर देखेर लुक्न गएका महादेवले माथिपट्टि बनाएको महादेवस्थानको गुफा हो भन्ने किंवदन्ती प्रचलित छ । यस गुफामा सुरक्षित रूपमा लुकिरहेका महादेवलाई वृकासुरले खेदेको र आपत परेको कुरा भगवान विष्णुले थाहा पाएपछि भगवान विष्णु पार्वतीको रूप धारण गरी तत्कालै त्यहाँ आएर वृकासुरलाई अल्मल्याउन थाले । र "साँच्चीकै पार्वती म हुँ, हामीसंगै नाचौं, म नाच्न तिमीलाई सिकाउँछु, तिमीले म जस्तै नाच, अनि हामी विवाह गरौंला भनी वृकासुरलाई पार्वतीको रूप धारण गरेका विष्णुले अल्मल्याए । दुवैको नाच खेल शुरू भयो । नाच्दा नाच्दै आफ्नै हात थाप्लोमा परी वृकासुर भष्म भयो । यसरी वृकासुर भष्म भएपछि तेत्तीसकोटी देवताबाट पुष्पवृष्टि भयो भन्ने किंवदन्ती प्रचलित छ । बसाहास्थानको नजिक वेदङ्गको ठूलो ढुङ्गालाई वृकासुरको 'खप्पर' र त्यहाँ पाइने कडा चट्टानलाई वृकासुर राक्षसको 'हड्डी' मानी तीर्थालु भक्तजनहरू यहाँ खुट्टाले कुल्चेर आउँछन् ।

हलेसीको प्राप्तिको बारेमा प्रचलित अर्को आख्यान अनुसार परापूर्वकालमा यस स्थानमा एक अनकन्टार जङ्गल थियो । एक्लै यहाँ हिंड्न कसैको हिम्मत थिएन । एक दिन एउटा शिकारी बन्दूक र शिकारी कुकुरसाथ शिकार खेल्न आए र उनले सुनौला मृगदेखि लखेट्न थाले । लखेट्दै जाँदा मृग गुफाभित्र पस्यो र बेपत्ता भयो र मृगलाई लखेट्दै जाने कुकुर पनि गुफामा पसी बेपत्ता भयो र एकोहोरो कुकुरको आवाज भने आई रह्यो । भोलिपल्ट कुकुरलाई खोज्ने क्रममा शिकारी गुफाभित्र पसेर हेर्दा गुफाभित्र झलमल बत्ती बलेको, बालबच्चा नाचिरहेका र महादेव, पार्वती र अन्य गणहरू पनि देखेको हुनाले उक्त शिकारीले यो कुरा प्रचार प्रसार गऱ्यो र महादेवस्थान भएको तथ्य थाहा भयो ।

## ४. हलेसीको नामकरण:

हलेसीको नामकरण सम्बन्धी अनेकौं कथा, किंवदन्ती तथा आख्यानहरू प्रचलित छन् । बूढापाकाहरू यहाँ हलेसो नाम गरेको चरा पाइने हुनाले नाम हलेसी रहेको हो भन्दछन् ।

प्रचलित किंवदन्ती अनुसार महाभारतको युद्ध पूर्व गौहत्याको अभियोग लागी यसबाट हुने पापबाट मुक्त हुन कृष्णको दाजु बलरामले सारा तीर्थस्थलको भ्रमण गर्ने

क्रममा हलेसीमा आई आफ्नो हलोको सहायताले गुफा निर्माण गरी शिवलिङ्गको स्थापना गरी दर्शन गरे। बलरामले हलोको सहायताले गुफा निर्माण गरेका हुनाले "हलेश्वर" नाम रहन गएको र "हलेश्वर"बाट सजिलोको लागि "हलेसी" नामकरण गरिएको हो भन्ने किंवदन्ती प्रचलित छ । यस स्थानको नामकरण सम्बन्धी अर्को प्रचलित किंवदन्ती अनुसार वृकासुर राक्षसको भष्म भएपछि सर्वप्रथम 'विष्णु' अर्थात 'हरि'ले महादेव अर्थात 'ईश्वर'लाई दर्शन गरेका थिए । हरिले ईश्वरलाई दर्शन गरेका हुनाले हरि+ईश्वर=हरिश्वर नाम रह्यो र हरिश्वरबाट अपभ्रंश भई 'हेलेश्वर' भयो र 'हलेश्वर' पछि हलेसी नाम रह्यो भन्ने किंवदन्ती प्रचलित रहेको छ ।

**५. प्राचीनताः**

हलेसी महादेवस्थानको उत्पत्ति र प्राप्तिको विषयसंग सम्बन्धित विभिन्न पौराणिक कथा, आख्यान तथा किंवदन्तीको बारेमा चर्चा गरियो तर हालसम्म यो स्थानको प्राचीनतालाई पुष्टि गर्ने कुनै ठोस प्रमाण प्राप्त गर्न सकिएको छैन । केही इतिहासकारहरूले हलेसी महादेवको महत्त्व 'किराँतकालीन नेपाल' अर्थात किराँतीहरूको शासनकालदेखि नै रहँदै आएको र किराँती राजाहरूले हलेसी महादेवस्थानको दर्शन गरेको कुरा उल्लेख गरेका छन् । इतिहासकार सुब्बा प्रेम बहादुर मोनाहाङका अनुसार किराँती राजा येकेन हाङ्का जेठा छोरा लेलिमहाङ्ले कलिगत् २२९५ तिर हलेसी महादेवको दर्शन गरेको[३] र अर्का किराँती राजा शाङखहाङले कलिगत् २२४७ मार्ग शीर्ष महिनामा हलेसी गुफा पुगी शिव, पार्वती, ब्रम्हा, विष्णु र गण समेत लुकी बसेको शिवलिङ्गको दर्शन गरी केही गुठी चढाए ।[४] यसै गरी लेलिमहाङका भाइ खामसोङहाङ (माझ किराँतका प्रथम राजा)ले हलेसी महादेवलाई इष्ट देवता मानी नित्य पूजाको प्रबन्ध गरी पर्वमा बलि र यात्रा समेत चलाउने चलन चलाए ।[५] यी राजाहरूले चढाएको गुठीको कुनै ऐतिहासिक प्रमाण, अभिलेख आदि हालसम्म पत्ता लागेको छैन र हलेसीमा बली चढाउने प्रथा पहिलेदेखि नै निषेध भएको हुनाले उपरोक्त तथ्यलाई प्रमाणित गर्ने ठोस ऐतिहासिक स्रोत हालसम्म फेला परेको छैन ।

श्री ५ रण बहादुर शाहले खोटाङ्का मनोरथ आचार्यलाई वि. सं. १८४७ मा लेखेको पत्रमा हलेसीमा लाख बत्ती चढाउन भनी उल्लेख गरिएको र वि. सं. १८५४ मा चौतरीया शेर बहादुर शाहले मनोरथ आचार्यलाई बली चढाउन नभई लाखबत्ती चढाउन भनी पत्र लेखेका थिए । यस्तै अर्को पत्रमा हलेसी महादेवमा बैठक बनाई चढाइदिने आदेशपत्र लेखिएको छ । उपरोक्त तीनवटै पत्रहरूमा बलि चढाउने बारे लेखिएको छैन ।[६]

सातौं शताब्दिमा बौद्ध धर्मका सुप्रसिद्ध भिक्षु पद्मसम्भवले तपस्या गरेको हुनाले बौद्ध धर्मावलम्बीहरूको लागि यो ठाउँ अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रसिद्ध हुन गएको छ ।[७] प्रसिद्ध भिक्षु पद्मसम्भवले अतिसा नामक बौद्ध भिक्षुभन्दा पहिले भारतबाट नेपालमा आई तिब्बत गएर बौद्ध धर्मको उपदेश[८] दिएका थिए । यही तथ्यलाई आधार मानी हलेसी महादेवलाई बौद्ध धर्मावलम्बीहरूले पनि प्रमुख तीर्थस्थलको रूपमा मान्दै आएका छन् । हलेसी महादेवस्थानको प्राचीनतालाई पुष्टि गर्ने आधारहरू बुद्ध धर्मका तिब्बती भाषामा लेखिएका प्राचीन ग्रन्थहरूबाट थाहा हुने हुनाले यो ठाउँ बुद्ध धर्मावलम्बीहरूको अति पवित्र प्राचीन महत्त्वपूर्ण तपोभूमि भएको कुरा थाहा हुन्छ ।

वि. सं. १८०० तिर एक अनकन्टार पहाडमा रहेको शिवको मन्दिर एक राई शिकारीले पत्ता लगाएको भन्ने भनाइ एक लेखकको लेखबाट थाहा हुन्छ ।[९] हलेसी महादेवस्थानको प्राचीनताबारे माथि उल्लेख भई सकेकोले वि. सं. १८०० तिर पत्ता लागेको भन्ने कुरालाई प्रमाणित गर्ने कुनै आधार छैन । तसर्थ लेखकले आफ्नो भनाइ संशोधन गर्नु पर्ने देखिन्छ । फेरि वि. सं. १८०० भन्दा धेरै अगाडि भक्तजनहरूले चढाएका अभिलेख सहितका घण्टाहरू हलेसीमा फेला परेका छन् । ऐसेलुखर्क बस्ने वीरजमान राइले वि. सं. १६६४ मा चढाएको घण्टामा "श्री संम्र १६६४ सा ल का र्ति क मा अ स्या लु ख र क व स न वी र ज मा न रा ई ले स्री सी व जी ला ई च रा य को घं ट । शु

भ म्" भन्ने लेखिएको छ । यस बाट वि.सं. १६६४ भन्दा अगाडि नै हलेसी महत्त्वपूर्ण तीर्थस्थल भएको कुरा थाहा हुन्छ । पुरातत्त्व विभागले गरेको सर्वेक्षण अनुसार हलेसी महादेवको अस्तित्त्व ७/८ सय वर्ष अगाडिदेखि रहेको मानिएको छ।[10] जे होस् हलेसी महादेवस्थानको प्राचीनतालाई पुष्टि गर्ने कुनै ठोस प्रमाण प्राप्त नभए तापनि बौद्ध धर्मावलम्बी अर्थात् लामाहरूका प्राचीन ग्रन्थहरूको आधारमा यो अति प्राचीनकालदेखि नै अस्तित्त्वमा रहेको कुरा थाहा हुन्छ ।

## ६. हलेसीको धार्मिक तथा सांस्कृतिक महत्त्वः

हलेसी महादेवस्थान धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रसिद्ध हुन गएको छ । तीर्थालु भक्तजनहरू महादेव पार्वतीको दर्शन गर्न र यहाँका अनौठा गुफा, भू-आकृतिको अवलोकन गर्न नेपालका विभिन्न भागबाट र भूटान, वर्मा जापान, फ्रान्स, तिब्बत, थाइलैण्डका अतिरिक्त मित्रराष्ट्र भारतको दार्जिलीङ, कालिम्पुङ र सिक्किमबाट समेत बौद्ध धर्मावलम्बीहरू आएर आ-आफ्नो तवरले दर्शन र पूजापाठ गर्दछन् । राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि. सं. २०३९ साल पौष २५ गते पूर्वाञ्चल विकास क्षेत्रको अनौपचारिक भ्रमणको सिलसिलामा हलेसी महादेवस्थान सवारी भई महादेवको मन्दिरमा पूजा अर्चना गरिबक्सेको थियो ।[11] यसै गरी भूटान नरेश जिग्मे सिङघे वाङचुकबाट सन् १९८७ नोभेम्बरमा हलेसी महादेवस्थान सवारी भई महादेव स्थानमा दर्शन गरिबक्सेको थियो । हलेसी महादेवस्थान लुम्बिनी र पशुपति जत्तिकै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रसिद्ध रहेको छ ।

हलेसी महादेवले सन्तान नहुनेलाई सन्तान दिने, गरीब दीन-दुःखीहरूको कल्याण गर्ने, दुष्टको संहार गर्ने, खडेरीमा पानी दिने, रोगीको रोग निर्मूल पार्ने, पितृलाई पार तार्ने र चिताएको काम पुऱ्याई दिने कुरामा विश्वास गरी भक्तजनहरू टाढा-टाढाबाट आई आफ्नो धार्मिक भक्ति प्रकट गर्दछन् । हलेसी महादेवमा वर्षमा चारवटा मेलाहरू रामनवमी, तीज, बाला चतुर्दशी र शिवरात्रिमा लाग्दछन् । यी मेलाहरूमा टाढा-टाढाबाट आएका तीर्थालु भक्तजनहरूले प्रकट गरेको विविध धार्मिक तथा सांस्कृतिक झाँकी र क्रियाकलापहरूको रोमान्चकारी बयान जति गरे पनि कमै हुन्छ ।

## ७. हलेसीको ऐतिहासिक महत्त्वः

किराँती राजा शाङखोहाङले कलिगत २२४७ र लेलिमहाङले कलिगत् २२९५ मा उनका भाइ खाम्सोङहाङ समेतले हलेसीको दर्शन गरेको कुरा उल्लेख भएको भए तापनि हलेसीको ऐतिहासिक महत्त्व श्री ५ रणबहादुर शाहको शासनकालदेखि झल्कन्छ । किनकि हलेसीसंग सम्बन्धित ऐतिहासिक स्रोतहरू, अभिलेख, लालमोहर, ताम्रपत्र तथा अन्य ऐतिहासिक कागजपत्रहरू श्री ५ रण बहादुर शाह र उनको शासनकाल पछिका मितिका प्राप्त भएका छन्। यसभन्दा अगाडिका कुनै ठोस ऐतिहासिक स्रोत उपलब्ध छैनन् । श्री ५ रणबहादुर शाहले वि. सं १८४३ मा गरेको गुठी व्यवस्थालाई कायम गर्दै श्री ५ गीर्वाणयुद्ध विक्रम शाहले वि. सं. १८६१ मा हलेसीका महन्त श्री मनोहर गिरीको नाममा गुठी सम्बन्धी लालमोहर गरी मनोहर गिरीलाई पूजारीको उपाधि[13] समेत दिएका थिए । श्री ५ रण बहादुर शाहको पालाका ऐतिहासिक कागजपत्रहरूको अध्ययन गर्दा रण बहादुर शाह कालीन नेपालको विवादास्पद इतिहासलाई प्रमाणित गर्न सघाउ पुग्छ ।[14]

## ८. हलेसीको पर्यटन दृष्टिले महत्त्वः

दूध कोशी दोभानबाट पूर्व इशान तथा मौरेलेक चुलीबाट पश्चिमपट्टिको उच्चा उठेको थुम्कोमा सुन्दर जङ्गलको दृश्य छ; यही थुम्कोको अगाडि पछाडि तथा बीचको तीन गुफाहरूको संगमस्थल नै तीर्थस्थल हलेसी हो । यहाँका तीन गुफाहरूमध्ये पूर्वको भैरवस्थान, दक्षिणको ६७ मी. लामो बसाहस्थान र माथिको सिंढीदेखि अन्तिमसम्म ७५ मीटर लामो गुफा महादेवस्थान हो ।[15] प्रकृतिका अनुपम उपहारको रूपमा रहेका यी गुफाहरूले देश विदेशबाट

पर्यटकहरूलाई आकर्षण गरिरहेको छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीहरू तीर्थ यात्रा गर्न आउँछन् भने यूरोप, अमेरिकाका अन्य धर्मावलम्बीहरू यहाँका प्राकृतिक छटाहरूको दृश्यावलोकन गरी आत्मालाई मोहित बनाउन यस क्षेत्रको यात्रा गर्दछन् ।

हलेसीमा रहेका प्रकृतिका तीन गुफाहरू र गुफाभित्रको अनौठो सुन्दर आकृति, महादेवस्थान भित्रका पापद्वार, धर्मद्वार, कर्मद्वार, स्वर्गद्वार र जन्मद्वार जस्ता ५ धार्मिक द्वारहरूको दृश्य तथा यसमा प्रकट हुने धार्मिक तथा सांस्कृतिक झाँकी, हलेसी माथिको गुराँसे भञ्ज्याङ्गबाट देखिने विश्वको सर्वोच्च शिखर सगरमाथाको रोमाञ्चकारी दृश्य, विभिन्न जनजातिहरूको आ-आफ्नै सांस्कृतिक क्रियाकलाप तथा स्वच्छ हावापानीको कारणले गर्दा यो ठाउँ पर्यटन दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

## ९. पूजाविधि र आय सञ्चालन पद्धतिः

हलेसी महादेवको पूजा परम्परागत विधि विधानबाट यहाँका सन्यासी (पूजारी) बाट गर्ने चलन छ। यहाँ नित्यपूजा र पार्वीक पूजा गरी २ प्रकारका पूजा विधिहरू प्रचलित छन्। नित्य पूजा प्रत्येक दिन बिहान बेलुका यहाँका सन्यासी पूजारीका १२ वर्षे छोराबाट बिहानको झुल्के घाममा चोखो पानी, चन्दन, अक्षता, अबीर, सिन्दूर, केशरी, गाईको दूध, धूप, दीप, नैवेद्य र फूलपातीद्वारा शिवजी, ब्रम्हा, विष्णु, गणेश, कुमार र पशुपतिलाई स्नान गराई नगर्चीद्वारा नगरा, झ्याली बजाई पूजा गर्ने चलन छ । यसरी बिहान पूजाको बेलामा बजाइने नगरा तथा झ्यालीले सम्पूर्ण गुफा नै गुन्जायमान हुन्छ। दोस्रो पार्वीक पूजा रामनवमी, शिवरात्रि, बालाचतुर्दशी तथा तीजमा पूजारीद्वारा भव्यताका साथ सम्पन्न गरिन्छ र पर्व पूजामा शिवजीलाई गहना पहिऱ्याउने चलन पनि छ ।

पूजारी दाजुभाइहरू एक-एक वर्षको पालो गरी पूजा-आजाको कार्य सञ्चालन गर्नुको साथै आम्दानी पनि पूजारीहरूले नै उपभोग गर्दै आएका छन् । यसका साथै भक्तजनहरूबाट चढाइएका अन्न, भेटी पनि यहाँको प्रमुख आयस्रोत हो । यही आम्दानीबाट पूजा-आजा र पूजारी खान्गी पनि चलेको छ ।

## १०. गुठी व्यवस्थाः

हलेसी महादेवमा वि.सं. १८४३ देखि श्री ५ रण बहादुर शाहको पालामा जारी भएको गुठी सम्बन्धी व्यवस्थालाई थमौती गरी श्री ५ गीर्वाणयुद्ध विक्रम शाहले वि. सं. १८६१ माघ ७ गते मंगलबारका दिन मनोहर गिरीका नाममा लालमोहर गरी दिनुको अतिरिक्त जम्मा १६० मुरी खेतको थप गुठीको व्यवस्था गरेका थिए।[१६] गुठी लगत तथा तहवील कार्यालय भद्रकालीको गुठी लगत पत्रमा दर्ता भए अनुसार सुनसरी जिल्लाको वसविर्तामा ११३ बिगाहा, नुनी गाउँमा १८८ र वडहरी गाउँमा १८६ बिगाहा[१७] गरी जम्मा ४८७ बिगाहा भन्दा बढी जग्गा हलेश्वर महादेव गुठीको नाममा दर्ता भएको भए तापनि पूजारी मनोहरी, राजवल गिरी र उनीहरू पछि कसैले पनि सो जग्गा भोग नगरेको हुनाले हाल पिण्डेश्वर मठ धरानले उपभोग गरी रहेको देखिन्छ।[१८] तर पिण्डेश्वर मठको नाममा कुनै सनद, सवाल आदि नभएकोले उक्त छूट गुठीको जग्गा हलेसी गुठीको नाममा दर्ता गरी आयस्रोत हलेसीले नै असूल गर्नुपर्ने देखिन्छ ।

## ११. हलेसी महादेवका प्रमुख समस्या र सुझावहरूः

हलेसी महादेवस्थानमा "चौतर्फी विकास" नामक सामाजिक संस्थाले सामाजिक विकासका कार्यहरू गर्दै आएको छ। यस क्षेत्रको उत्थानमा देखिएका समस्याहरू र सुझावहरू निम्नानुसार छन्–

१. महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलको रूपमा रहेको हलेसी महादेवस्थानसम्म पुग्न यातायातको असुबिधाको कारणले आवागमनमा असुबिधा परेको छ । तसर्थ उदयपुर जिल्लाको गाइघाट वा कटारीबाट हलेसी जोड्ने सडक निर्माण गर्न जरूरी छ ।

२. पर्यटन दृष्टिकोणले हलेसी महादेवस्थान महत्त्वपूर्ण भएको हुनाले पर्यटन विकासका पूर्वाधारहरू यातायात, संचार, होटेल, मनोरन्जन, सूचनाकेन्द्र आदिको स्थापना गर्न जरूरी छ ।

३. हलेसी महादेवस्थानको गुठीको जग्गा सुनसरी जिल्लाको नुनीगाउँ, वडहरी र वसविर्ता गाउँमा जम्मा ४८७ बिगाहाभन्दा बढी रहेको छ । गुठी सम्बन्धी वि. सं. १८६१ को लालमोहर अनुसार गुठी लगत तथा तहवील कार्यालय भद्रकालीमा हलेश्वर महादेवको गुठीको नाममा उक्त जग्गा दर्ता भएको भए तापति यहाँको सबै आम्दानी हालसम्म पिण्डेश्वर गुठी धरानबाट असुल भइरहेको छ । उपरोक्त जग्गाको आम्दानी हलेसी महादेवबाट नै असूल गरी तीर्थस्थल हलेसीको नाममा खर्च गर्नु पर्ने देखिन्छ ।

४. पूजारीले गर्नु पर्ने पूजा-आजा, न्यास, ध्यान लगायत अन्य नित्य कर्म राम्ररी गर्ने व्यवस्था हुनु पर्छ ।

अन्य सुझावहरूमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट यस क्षेत्रको अनुसन्धान, सर्वेक्षण हुनुपर्ने, अनुसन्धानकर्ताहरूलाई उत्साहित गर्नु पर्ने, धार्मिक, सांस्कृतिक वस्तुहरूको अझ राम्रो संरक्षण र सम्बर्द्धन हुनु पर्ने, पार्वती स्थान र पाँच धार्मिक द्वारहरूको भित्रपट्टिका प्राकृतिक सौन्दर्यताको संरक्षण गर्न माथि बार लगाउनु पर्ने र हलेसी महादेवस्थानको आसपासका नाङ्गा डाँडाहरूमा वृक्षरोपण गरी वातावरण स्वच्छ बनाउनु पर्ने आवश्यकता खड्की रहेको छ ।

## १२. उपसंहार:

पूर्वी नेपालको खोटाङ जिल्लामा रहेको हलेसी महादेवस्थान नेपालका प्रमुख तीर्थस्थल मध्ये एक मानिन्छ । पशुपतिनाथ र लुम्बिनी जतिकै अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चित हुनाले यो तीर्थस्थलको प्रभाव क्षेत्र भारतको सिक्किम, दार्जिलीङ, कालिम्पुङ र भूटानसम्म रहेको छ ।

हलेसी महादेवस्थानमा भिक्षु पद्मसम्भवले तपस्या गरेको कुरा बौद्ध ग्रन्थहरूबाट अवगत हुन्छ । यस स्थानको प्राचीनतालाई पुष्टि गर्ने प्रमाणहरू भने हालसम्म पाउन सकिएको छैन । वि.सं. १८६१ मा गीर्वाण युद्ध विक्रम शाहले गरेको गुठी सम्बन्धी व्यवस्थाभन्दा अगाडिका प्रमाणहरू प्राप्त भएका छैनन् । हलेसी महादेव धार्मिक तथा सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक तथा पर्यटन दृष्टिले महत्त्वपूर्ण मानिन्छ । रामनवमी, शिवरात्रि, बालाचतुर्दशी र तीजमा भव्य मेला लाग्ने यो तीर्थस्थलमा भक्तजनहरूबाट चढाइएको नगदी र जिन्सीबाट नै नित्य पूजा-आजा र पर्व पूजाका साथै पूजारी खान्गी पनि यसैबाट चलेको छ ।

सुन्दर प्राकृतिक गुफा, भू-आकृति र अन्य मनोरम दृश्यहरूको कारणले यस स्थानको लोकप्रियता दिनानुदिन बढिरहेको हुनाले यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तब्य हुन आउँछ । सरकारी स्तरको मात्र मुख नताकी गैर सरकारी संघ, संस्था तथा राजनैतिक पार्टीहरूले समेत यस स्थलको विकासको लागि ध्यान दिनु पर्ने देखिन्छ ।

## पाद टिप्पणी:

१. स्थलगत नापी महाशाखाबाट प्राप्त मानचित्रको आधारमा ।

२. ऐजन ।

३. सुब्बा प्रेम बहादुर मोवाहाङ– संक्षिप्त नेपाल इतिहास (ग्वारको पाटनः किराँत प्रकाशन तथा अभिलेख केन्द्र, २०४७) पृष्ठ संख्या ७८–८० ।

४. ऐजन ।

५. ऐजन ।

६. ज्ञानमणि नेपाल– नेपाल निरूच्ड (ने. रा. प्र. प. काठमाडौं, २०४०) पृष्ठ संख्या ३३३–३३४ ।

७. ओम सुवेदी "हलेसी महादेस्थानः एक सांस्कृतिक अध्ययन" खोटाङ, वर्ष ५, अङ्क २, (काठमाडौंः खोटाङ से. स., २०५१) पृष्ठ १५ ।

८. नेपाली वृहत् शब्दकोष –(काठमाडौं: ने. रा. प्र. प., २०४०) पृष्ठ ७७६ ।
९. रत्न कुमार गिरी –"हलेश्वर महादेव एक परिचय" खोटाङ, वर्ष १, अङ्क १, (काठमाडौं: खोटाङ सेवा समाज, २०४६) पृष्ठ संख्या ९९ ।
१०. सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन (काठमाडौं: पुरातत्त्व विभाग, २०४५) पृष्ठ संख्या १६
११. गोरखापत्र, वर्ष ८२, अङ्क २४३ (काठमाडौं: २०३८ पौष २६ गते सोमबार) पृष्ठ १ ।
१२. पाद टिप्पणी नं. १० ।
१३. हेर्नोस्, गुठी सम्बन्धी मार्ग बदी ८, रोज ३ वि.सं. १८६१ को श्री मनोहर गिरीको नाममा श्री ५ गीर्वाण युद्ध विक्रम शाहको पालामा जारी भएको गुठी सम्बन्धी लालमोहर । यो लालमोहर हलेसी महादेवस्थानका हालका पूजारी भवानी शंकर गिरीको संग्रहमा सुरक्षित रहेको छ। यो लालमोहर परिशिष्ट १ मा दिइएको छ ।
१४. पाद टिप्पणी नं ७, पृष्ठ २० ।
१५. ओम प्रसाद सुवेदी –"हलेसीका प्राकृतिक गुफा तथा धार्मिक द्वारहरू: एक सांस्कृतिक अध्ययन" धर्म सन्देश (काठमाडौं: सनातन धर्म सेवा समिति, २०५१) पृष्ठ ४१ ।
१६. पाद टिप्पणी नं १० ।
१७. हेर्नोस् गुठी लगत तथा तहविल कार्यालय, भद्रकालीको लगत पञ्जिका नं. ९८७ को हलेश्वर महादेवको गुठी लगत पत्र ।
१८. ऐजन ।

## परिशिष्ट–१

वि.सं १८६१ मा श्री ५ गीर्वाण युद्ध विक्रम शाहबाट हलेसी महादेवका गुठीयार पूजारी श्री मनोहर गिरीको नाममा जारी गरिबक्सेको गुठी सम्बन्धी लालमोहर । यो लालमोहर हलेसी महादेवको महन्त श्री भवानी शंकर गिरीको संग्रहमा सुरक्षित छ ।

### लालमोहको छाप

श्री दुर्गा १

श्री हलेश्वर महादेव

२

श्री बुबाज्यु

१. स्वस्ती श्री गिरी राज चक्र चुडामनि नरनाराऐंनत्यादि विवीध
२. विरुदावली वीराजमान मानित्यांत श्री मंन माहाराजा धिराज श्री
३. श्री श्री माहाराज्ये गीरीवाराा जुद्द वीक्राम साह बाहादुर संसेर
४. जङ्ग देवानाम सदासमर विजया नाम.................आगे मनोहर गी
५. री के सम्मत १८४३ सालमा......१...... बाट ......२...... प्रीती गुठी विर्ता ग
६. री चढायेको. हलेसी मद्धे- छलाषु कुंडल्या षेत. तस्को साध पूर्व षा
७. र षोलस्व. दछीं कोसी पसीम सपांषु षोल्सा. उर्तर. भज्यांग भेडा वारी के
८. डिको षोल्सो. येती चार कील्ला भीत्रको जमीन. षर्क वीद्राल समेत षेत
९. मुरी १२० महादेव व्यासीको. षाडरी वोट्या षेत. पुर्व कोसी छेर्उको ठुलो
१०. ढुंगो दक्षींण डाडो पश्रीम. सेराको कुलो वाध. उंतर तितरीको बोट ये
११. ती चार कील्ला भीत्र षेत मुरी ४० जमा षेत मुरी एक सऐ साटी १६०
१२. औ सल्यानी डाडा पातल्या केरावारी मालषु घड्यारी तस्को साध

१३. पुर्व चा.वातु काभ्र्या भंज्याग को पोषरी. दक्षीन मुलतु पानी. पसीम.

१४. चीर्डरी वोट्या. षोल्सो उंतर दोढी षोलो येती चार कील्ला भीत्रको जमीन. अघीको मोहोर वमोजिं कोरै रैकग हामीले पनी थामी

१५. मीन. अघीको मोहोर वमोजिं कोरै रैकग हामीले पनी थामी

१६. ......२..........प्रीती मोहोर. तावा पत्र गरी वक्सौ. आफ्नु षातिर्जामा सी

१७. त. जग्गाको उंत पत्र लि नित्ये नैमीत्ये पुजा गरी. हामी लाई आ

१८. सीरवाड दी. सिषे प्रसीसे सम्म गुठी वीर्ता जानी परम सुष भोग्या ग

१९. र. विनातकसीर नहर्नु गुठीयारले चार कील्ला भंन्दा अर्ध्यालो न

२० चापनु. येस वंधेजमा जो रहदैन सो ये श्लोकमा भन्याको पानकी होला.

२१. स्वदतां मरदन्तां न्वायोहरे व वसंधाराम. षष्टी वर्ष सहस्राणी वि

२२. ठठायां जायते कृत्रि इति सम्वत १८६१ साल माघ वडी ७ रोज ३ श्रीसुभम.........................................

*स्रोत: १८६१ को लालमोहर (उपर्युक्त लालमोहर हलेसी महादेवस्थानका पूजारी श्री भवानी शंकर गिरीको संग्रहमा सुरक्षित छ ।)*



श्रीदुर्गा १


श्री हलेश्वर माहादेव

श्रीबुवास्तु २


स्वस्ती श्री गीरीराजचक्र चुडामुनि नरनारायणेत्यादि विविध
विरुदावली वीराजमान मानोन्नत श्रीमन्माहाराजाधीराज श्री
श्री श्री माहाराज गीरीवाण जुद्ध वीक्रम साह बाहादुर सम्सेर
जङ्ग देवानाम सदा समरविजयीनाम — आगे मनोहर गी
रीके सम्मत १८४३ साल मा — १ — बाट २ श्रीतिगुठी वीताग
रीचडायेको हलेसी महादे छलाषु कुडल्या खेत तस्को साध पुर्व का
र खोलस्व दक्षीण कोसी पस्चीम सपीछु खोल्सो उत्तर भञ्ज्याङ मेडा वारीपे
डि को वोल्सो सेती चार कील्ला भीत्रको जमीन खेत दीठौट समेत खेत
मुरी १२० महादेव स्थानीको फुटी वीठ्या खेत पुर्व कोसी ढिड कोट लो
ढुंगो दक्षीण डाडो पस्चीम सेराको कुलो वाध उत्तर तितरीको खेत से
ती चार कील्ला भीत्र खेत मुरी ४० जमा खेत मुरी येक सय साठी १६०
औ सन्याली डाडा पातल्याकेरा वारी भलेछु घड्यारी तस्को साध
पुर्व पातुंका ख्यान भञ्ज्याङको पोखरी दक्षीण छुल्तुं पानी पस्चीम
चीडिटी खोल्सो उत्तर ठोटी खोल्सो सेती चार कील्ला भीत्र कोज
मीन अघी को मोहर वमोजिम को रैछ कम्हामीले पनी थामी
२ श्रीति मोहोर ताम्रपत्र गरी वक्सौं आफ्नु बाली जोत्दा भो
गजामा को उत्पन्न लि नित्य नैमीत्य पुजा गरी हामी लाई आ
सीर्वाद दीं सिवे प्रसीद सम्म गुठी वीर्ताजानी परम सुष भोग्याग
र विनाश नसीत । नहर्नु गुठीदार ले चार कील्ला भन्दा अघी लोल
ञ्चानु । येस मै येत्रभाजो रहदैन सोये श्लोक मा भन्याको पापकी होला ।
स्वदत्तां परदत्तां वा यो हरेत वसुंधरां । षष्ठी वर्ष सहस्राणि वि
ष्ठायां जायते कृमि इती सम्वत १८६१ साल माघ वदी ७ रोज
३ श्री पु भ्यो

वि.सं १८६१ मा श्री ५ गीर्वाण युद्ध विक्रम शाहबाट हलेसी महादेवका गुठीयार पूजारी श्री मनोहर गिरीको नाममा जारी गरिबक्सेको गुठी सम्बन्धी लालमोहर

फलक १



हलेश्वर महादेव



वसाहा गुफा प्रवेशद्वार